नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./मर्जर/०७/०७८/७९

मिति : २०७८/०५/१५

श्री नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड
फटकशिला-०८, सिन्धुपाल्चोक ।

श्री विन लघुवित्त वित्तीय संस्था लिमिटेड
गल्छी-०७, धादिङ्ग ।

**विषय : एक आपसमा गाभ्ने/गाभिने (मर्जर) को लागि अन्तिम स्वीकृति प्रदान गरिएको सम्बन्धमा ।**

महाशय,

नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड र विन लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा सैद्धान्तिक सहमति प्रदान गर्दा तोकिएका शर्त तथा प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृतिको लागि निवेदन पेश गरेकोले “बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३” को दफा ७३ र “बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)” को विनियम ११ मा भएको व्यवस्थानुसार एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात् विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट वित्तीय कारोबार सञ्चालन हुने गरी देहायका शर्तहरू सहित अन्तिम स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**शर्तहरू :**

(१) “बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३, (चौथो संशोधन, २०७५)”, प्रचलित कानून तथा यस बैंकबाट जारी एकीकृत निर्देशनलगायत अन्य नीति निर्देशनहरूको पूर्ण पालना गरी वित्तीय कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(२) गाभ्ने/गाभिने दुबै संस्थाले आ-आफ्नो साधारणसभाबाट निर्णय गरेबमोजिम नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड र विन लघुवित्त वित्तीय संस्था लिमिटेडको कायम हुने शेयर स्वाप अनुपात १:०.७५ अनुसार शेयर पूँजी मिलान गर्नुपर्नेछ ।

(३) धितोपत्र कारोबार ऐन, नियमावली र प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनबमोजिम गाभिएर कायम हुने शेयरको सूचीकरण गर्नुपर्नेछ । शेयर स्वाप अनुपातको आधारमा तय हुने शेयरलाई साविकका दुबै संस्थाका सम्पूर्ण शेयरधनीहरूले गाभिएर कायम हुने संस्था विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोबार गर्न सक्ने आवश्यक व्यवस्था मिलाई रोक्का राखिएको धितोपत्र कारोबार फुकुवाको प्रबन्ध गर्नुपर्नेछ ।

(४) गाभिएर कायम हुने संस्थाको केन्द्रीय कार्यालय मेलम्ची न.पा.-१३, सिन्धुपाल्चोकमा राख्नु पर्नेछ ।

(५) गाभ्ने/गाभिने संस्थाको कुनै शाखा कार्यालय अर्कोमा गाभ्नु परेमा वा अन्यत्र स्थानान्तरण गर्नु परेमा सोको आवश्यकता तथा औचित्यता खुलाई स्वीकृतिको लागि बैंक तथा वित्तीय संस्था नियमन विभागमा पुनः पेश गर्नुपर्नेछ ।

(६) एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी स्वीकृति प्राप्त भएपछि दुबै संस्थाले एकीकृत कारोबार थालनी गर्ने मिति खुलेको व्यहोरा सर्वसाधारणको जानकारीका लागि निर्णय प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिनभित्र कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा २ (दुई) पटक सूचना प्रकाशन गर्नुपर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(७) यस बैंकबाट अन्तिम स्वीकृतिको पत्र प्राप्त गरेको १ (एक) महिनाभित्र दुबै संस्था एक आपसमा गाभिएर एकीकृत रुपमा वित्तीय कारोबार शुरु गरिसक्नु पर्नेछ । सो अवधिभित्र गाभ्ने/गाभिने दुबै संस्थाको तथ्याङ्कलाई एकीकृत गरी गाभिएको दिनदेखि एउटै सफ्टवेयरबाट वित्तीय कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै, गाभिए पश्चात् एकीकृत वित्तीय विवरणहरू तयार गरी (गाभिएको दिनको समेत) बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागका साथै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डलगायत अन्य सम्बन्धित निकायहरूलाई जानकारी दिनुपर्नेछ ।

(८) गाभिने संस्थाको नाममा रहेको वित्तीय कारोबार गर्नेसम्बन्धी इजाजतपत्रहरूलाई रद्द गरी गाभ्ने संस्थाको इजाजतपत्रमा आवश्यक संशोधन गर्नुपर्ने भएकोले एकीकृत कारोबार गर्नुपूर्व दुबै संस्थाको सक्कल इजाजतपत्रहरू यस बैंकसमक्ष पेश गर्नुपर्नेछ ।

(९) गाभ्ने/गाभिने दुबै संस्थाहरूको अन्तिम दिनसम्म कायम रहेको लेखामा उल्लेख भएको मूल्यमा सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरू समायोजन गरी गाभिएर कायम हुने संस्थाको हिसाबमा लेखांकन गर्नुपर्नेछ । यसपछि गाभ्ने/गाभिने दुबै संस्थाहरूबाट भए/गरेका काम कारवाहीहरू गाभिएर कायम हुने संस्थाबाट भए/गरेको मानिनेछ । साविकका दुबै संस्थाले गाभिनु अघि गरेका करारीय दायित्वको कार्यान्वयन समेत गाभिएपछिको संस्थामा सर्नेछ ।

(१०) गाभ्ने/गाभिने कार्यपश्चात् शाखा कार्यालयहरूको कोडिङ्ग गर्ने सम्बन्धमा यस बैंकको सूचना प्रविधि महाशाखासँग समन्वय गरी आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

(११) गाभ्ने/गाभिने कार्य सम्पन्न गरेको मितिले एक वर्षसम्म गाभ्ने संस्थाको साइनबोर्ड तथा लेटरप्याडको तल्लो भागमा "नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेडले विन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको" भन्ने ब्यहोरा उल्लेख गर्नुपर्नेछ । साथै, यसभन्दा अगाडि एक वर्षभित्र कुनै संस्थासँग मर्जर वा कुनै संस्थालाई प्राप्ति गरेको अवस्थामा उक्त संस्थाहरूको नाम समेत समावेश गर्नुपर्नेछ ।

(१२) गाभिएपछिको पहिलो वार्षिक साधारणसभाबाट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी निर्वाचनको माध्यमबाट सबै सञ्चालकहरू नियुक्त हुने व्यवस्था गर्नुपर्नेछ ।

(१३) गाभ्ने/गाभिने संस्थाका कर्मचारीहरूको गाभिएर कायम हुने संस्थामा पद मिलान गर्दा निजहरूले साविकमा खाईपाई आएको तलब, भत्ता तथा सुविधाहरू नघट्ने गरी गर्नुपर्नेछ ।

(१४) गाभिएपछिको संस्थामा लागू हुने कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली तथा कर्जा अपलेखन विनियमावली यस बैंकको स्वीकृतिका लागि अनिवार्य रुपमा पुनः पेश गर्नुपर्नेछ ।

(१५) गाभ्ने/गाभिने दुबै संस्थालाई यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागबाट दिइएका निर्देशनहरूको सुधार तथा कार्यान्वयन गाभिएर कायम हुने संस्थाबाट तोकिएकै समयभित्र गर्नुपर्नेछ ।

(१६) गाभ्ने/गाभिने क्रममा दुवै संस्थाबीच निर्धारित शेयर स्वाप अनुपातअनुसार पूँजी मिलान गर्दा वार्गेन पर्चेज गेन आउने भएमा गाभ्ने संस्थाले विद्यमान लेखामानअनुसार सम्बन्धित शीर्षकमा आम्दानी जनाई नियमानुसार लाग्ने कर कट्टी गरी पूँजीगत जगेडा कोषमा जम्मा गर्नुपर्नेछ ।

# नेपाल राष्ट्र बैंक
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं**
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३


(१७) गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी बाँकी काम कारवाहीहरू "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३, (चौथो संशोधन २०७५)" बमोजिम गर्नुपर्नेछ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ** :
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग।
श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग।
श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग विभाग।
श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि महाशाखा।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा), सिंहदरबार, काठमाडौं।
श्री नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।
श्री नेपाल धितोपत्र बोर्ड, जाउलाखेल, ललितपुर।
श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाडौं।
श्री नेपाल लघुवित्त बैंकर्स संघ, काठमाडौं।